©Rajasthali Journal ISSN 2583-1720

Received: Nov ‘23
Revised:
Accepted: Dec ‘23

© 2024 by the authors. This article is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY) license (https://creativecommons.org/licenses/by/4.0/).

# जुरेली गान कवितामा अनुप्रास

**अनिल अधिकारी[1] , बाबुराम तिमल्सेना[2], माया घिमिरे[3] र रेखा रेग्मी[4]**

**[1,2]महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, राममणि बहुमुखी क्याम्पस, रूपन्देही र म्याग्दी बहुमुखी क्याम्पस, बेनी**

**[3]म्याग्दी बहुमुखी क्याम्पस, बेनी, त्रिभुवन विश्वविद्यालय**

**[4]राममणि बहुमुखी क्याम्पस, रूपन्देही, त्रिभुवन विश्वविद्यालय**

E-mail: [1]pramilaa088@gmail.com

ABSTRACT

*प्रस्तुत लेख जुरेली गान कवितामा अनुप्रासको विश्लेषणसँग सम्बन्धित छ । यस लेखमा गुणात्मक अनुसन्धान विधि र पाठविश्लेषण ढाँचाको उपयोग भएको छ । यस लेखको शोधक्षेत्र आधुनिक नेपाली कविताअन्तर्गत स्वच्छन्दतावादी भावधारमा रचित जुरेली गान कविता र सैद्धान्तिक आधार संस्कृत काव्यचिन्तनअन्तर्गत अलङ्कार सिद्धान्तको शब्दालङ्कार हो । शब्दालङ्कार कविता रचनाका क्रममा प्रयोग भएका समान र समध्वन्यात्मक उच्चार भएका ध्वनि/वर्णको सार्थक र सम्यक आवृत्तिबाट निर्माण भएका शब्दको पुनरावृत्ति भई सिर्जना हुने शाब्दी चमत्कृति हो । शब्दालङ्कारको एउटा भेदका रूपमा अनुप्रास कृतिमा प्रयुक्त व्यञ्जन ध्वनिको आवृत्तिबाट सिर्जना हुने निनाद, साङ्गीतिकता, अन्तर्सङ्गीत र आलङ्कारिकता हो । प्रस्तुत जुरेली गान कविता शास्त्रीय स्रग्धरा वर्णमात्रिक छन्दमा बद्धलयमा संरचित कविता हो । प्रस्तुत कवितामा शब्दालङ्कारअन्तर्गत अनुप्रासका सबै भेदको यथोचित् प्रयोग भई श्रुतिसुखद एवम् शाब्दी चमत्कार सिर्जना भएको छ । प्रस्तुत कविताका पङ्क्तिपुञ्जअन्तर्गत पाउका आरम्भ र बीचका विश्राममा समान ध्वनिबाट निर्माण भएका शब्दको आवृत्तिले अद्यानुप्रासीयता र मद्यानुप्रासीयता सिर्जना गरी कवितालाई श्रुतिसुखद् र कर्णप्रिय तुल्याएका छन् । प्रस्तुत कवितामा समान व्यञ्जन वर्णको एकपटकको आवृत्तिबाट सिर्जना हुने छेकानुप्रास तथा समान वा समध्वन्यात्मक वर्णको आवृत्तिबाट सृजना हुने लाटानुप्रासका साथै समान उच्चारणस्थानबाट उच्चरित व्यञ्जन समूहका ध्वनिले सिर्जना गर्ने श्रुत्यनुप्रासको उचति प्रयोग भएको छ । यसका अतिरिक्त कविताका पाउको अन्त्यमा समान व्यञ्जन ध्वनिको प्रयोगले अन्तर्साङ्गीतिकता सिर्जना भएको यो कविता शब्दालङ्कारअन्तर्गत अनुप्रासीयताका कोणबाट सशक्त कृति रहेको विषयमा विमर्श भएको छ ।*

**Keywords:** अद्यानुप्रास, मद्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास, लाटानुप्रास, श्रुत्यनुप्रास, अन्त्यानुप्रास ।

## विषयप्रवेश

प्रस्तुत लेख ‘जुरेलीको गान’ कविताको अनुप्रासविधानको विश्लेषण र अर्थापनमा केन्द्रित छ । प्रस्तुत कविता सर्वप्रथम २०१६ सालमा छहरा कवितासङ्ग्रहमा प्रकाशित भई लक्ष्मी कवितासङ्ग्रहमा यसको पुनर्प्रकाशन भएको हो । प्रस्तुत कविताका रचनाकार लक्ष्मीप्रसाद देवकोटा हुन् । यस कविताका स्रष्टा देवकोटाका भिखारी (२०१०), जन्मोत्सव र मुटुका थोपा (२०१५), नवरस (२०३६), लक्ष्मी कवितासङ्ग्रह (२०३९), लक्ष्मी गीतसङ्ग्रह (२०४१) मुख्य छन् । प्रस्तुत कविता देवकोटाको छहरा कवितासङ्ग्रह (२०१६) पाण्डुलिपिबाट लक्ष्मी कवितासङ्ग्रमा स्थानान्तरण भई प्रकाशन भएको कविता हो । प्रकृति–मानव अधेद्य सम्बन्धलाई प्रस्तुत गर्ने यस कवितामा प्रकृतिको मानवीकरण अर्थात् चराको आवाजमा मानवीय अन्तर्आत्माको प्रतिध्वनि प्रस्तुत भएको छ । नेपाली प्रकृति र प्रकृतिअनुसारको जीवनचेतनालाई प्रस्तुत गर्ने यस कवितामा नेपाली स्वच्छन्द र स्वस्थ वातावरणमा जीवन जीउने चरीले बोल्ने वाणीमा पनि देव र वेदवाणीको अभिव्यञ्जना हुने कथ्यसन्देशको प्रस्तुति भएको छ ।

भावधारागत दृष्टिले स्वच्छन्दतावादी विषयवस्तु र भावको संयोजन भएको प्रस्तुत कवितामा चराको आवाजमा वेदवाणी, प्रेमतपश्वी राधाले गरेको त्याग तथा प्रतिष्ठित सुन्दरी हेलेनकेलरका सङ्घर्ष र प्रेरणादायी जीवनदर्शनको अभिव्यक्तिसँग सम्बन्धित विषय प्रस्तुत भएको छ । समान ध्वनि/वर्ण/अक्षरबाट निर्माण भएका श्रुतिमधुर पदलालित्य शब्दगत सिर्जनात्मक प्राप्ति रहेको प्रस्तुत कविता वर्णमात्रिक शास्त्रीय छन्दमा संरचित छ । प्रस्तुत कविताको रचना सन्दर्भगत अवस्था तथा यसमा अभिव्यक्त भावलाई नियाल्दा कवि देवकोटाको परिष्कृत र परिमार्जित लेखनअवधिमा संरचनात्मक स्वरूप प्राप्त कृति हो । विषयगत स्वच्छन्दता, भावगत संयमता, मानवीकरण, जीवनदर्शनको कलात्मक अभिव्यञ्जना तथा परिष्कृत शिल्पप्रविधिका कारण सिर्जनात्मक उचाइ प्राप्त गरेको प्रस्तुत कविता विषयवस्तु, भाव, काव्यिक कला, प्रस्तुतीकरण र वर्णविन्यासमा चयन भएका प्रयुक्तिका दृष्टिले उच्चमध्यम स्तरको कृति हो । यस लेखका प्रस्तुत ‘जुरेलीको गान’ कविताको काव्यिक प्राप्तिको समग्र नभई शब्दालङ्कारअन्तर्गत अनुप्रासविधानको मात्र विश्लेषण र अर्थापन भएको छ ।

अनुप्रास अलङ्कार सिद्धान्तअन्तर्गत शब्दालङ्कारको एक भेद हो । अलङ्कार काव्यको शोभा अर्थात् भावतत्त्वलाई श्रुतिमधुर र लालित्यपूर्ण तुल्याउने तत्त्व हो । शब्दालङ्कार कविता/काव्य अर्थात् साहित्यमा साहित्यिक कृतिमा बाह्यसौन्दर्य र उक्त सौन्दर्यभित्र कलात्मकतालाई सिद्ध गर्ने अलङ्कार सिद्धान्तको भेद हो । पूर्वीय सिर्जना र समालोचना परम्परामा अलङ्कारको विषय ऋग्वेदमा उल्लेख भए पनि नाट्यशास्त्रका प्रवर्तक भरतमुनिले उल्लेख गरेका पाँच अलङ्कारको विवेचनाबाट यसको प्रयोग, सान्दर्भिकता र उपयोगितासम्बन्धी परिचर्चाको आरम्भ भएको हो । अलङ्कार सिद्धान्तको आरम्भ छैटौं शताब्दीमा भामहले काव्यको केन्द्रीय तत्त्वका रूपमा रहने अवधारणासहित स्थापित गरेका हुन् । संस्कृत काव्यचिन्तन परम्परामा भामह मूलभूत रूपमा अलङ्कारवादी चिन्तक हुन् भने

भामहपछिका संस्कृत काव्यशास्त्रीले अलङ्कार सम्प्रदाय र त्यसका अन्तर्यमा यसको साहित्यिक प्रयोजनमा सर्वोपरितालाई स्थापित गर्ने प्रयत्न गरेका छन् ।

संस्कृत काव्यचिन्तनमा साहित्यको अङ्गीतत्त्वका रूपमा विमर्शको उत्कर्षमा रहेको अलङ्कारवाद र सिद्धान्त पाश्चात्य साहित्यचिन्तनमा भने अभिव्यक्तिलाई प्रस्तुति दिने शैलीतत्त्वमा मात्र सीमित छ । संस्कृत र पाश्चात्य काव्यचिन्तनमा अलङ्कारका शाब्दी र आर्थी भेद तथा यिनका अनेक उपभेद रहने विषयमा भने मतैक्य छ । संस्कृत र पाश्चात्य काव्यचिन्तनमा शब्दालङ्कार काव्यको बाह्यसौन्दर्यलाई आलङ्कारिकताका साथै कवितामा लयात्मकता, साङ्गीतिकता, अन्तर्साङ्गीतिकता र श्रुतिमधुरता सिर्जना गर्ने आधारका रूपमा व्याख्येय छ । यस लेखमा 'जुरेलीको गान' कवितामा शब्दालङ्कारअन्तर्गत यसको सशक्त भेद अनुप्रासका कोणबाट अध्ययनीय रहेको तथा यस विषयमा रहेको रिक्ततासँग सम्बन्धित विषयलाई मुख्य समस्याका रूपमा लिई त्यसको विश्लेषण र अर्थापन भएको छ । यस लेखको मुख्य समस्या नै 'जुरेलीको गान' कवितामा अनुप्रास केकस्तो, कसरी र किन छ नै हो । यो लेखको मुख्य उद्देश्य 'जुरेलीको गान' कवितामा अनुप्रासको निरूपण नै हो । विषयगत दृष्टिले 'जुरेलीको गान' कविता तथा शब्दालङ्कारअन्तर्गत अनुप्रास यस लेखको सैद्धान्तिक सीमाङ्कन हो । शब्दालङ्कारअन्तर्गत अनुप्रासका केन्द्रीयतामा कविताको विशिष्टीकृत अध्ययन हुने भएकाले यस विषयका अध्येता, विद्यार्थी, शिक्षक र अनुसन्धान कर्ताका लागि उपयोगी हुनाले यस लेखको प्राज्ञिक औचित्यको पनि पुष्टि हुन्छ ।

## शोधविधि

प्रस्तुत लेखको शोधपरक अध्ययनका लागि शोधक्षेत्र आधुनिक नेपाली कविताअन्तर्गत लक्ष्मीप्रसाद देवकोटाको 'जुरेलीको गान' कविता हो । यस लेखका लागि सामग्री सङ्कलन, विश्लेषण, सैद्धान्तिक आधार र अर्थापनको ढाँचासँग सम्बन्धित शोधविधि निम्नलिखितअनुसार अवलम्बन भएको छ ।

### सामग्री सङ्कलन र विश्लेषण

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । यस लेखका लागि प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखमा यस लेखको प्राथमिक सामग्री लक्ष्मीप्रसाद देवकोटाको 'जुरेलीको गान' कविता हो । यस कविताका विषयमा भएका पूर्वअध्ययन र यसमा अभिव्यञ्जित शब्दालङ्कारको विश्लेषण र अर्थापनका लागि अलङ्कार सिद्धान्तअन्तर्गत शब्दालङ्कारको विषयमा विमर्श भएका सामग्री द्वितीयक सामग्री हो । उपर्युक्त विषयका अतिरिक्त अन्य प्राथमिक र द्वितीयक स्रोतका सामग्री यस लेखको सीमाङ्कन हो । यो लेख 'जुरेलीको गान' कविताका पङ्क्तिपुञ्जमा आएका ध्वनि, वर्ण, अक्षर र शब्दका आधारमा अनुप्रासको विश्लेषण हुने भएकाले यो पाठविश्लेषणकेन्द्री अध्ययन हो । प्रस्तुत लेखको अर्थापनका लागि शब्दालङ्कारसँग सम्बन्धित अनुप्रासको सिद्धान्त तथा विश्लेषणविधिको उपयोग भएको छ ।

### सैद्धान्तिक आधार

संस्कृत काव्यचिन्तनमा अलङ्कार सिद्धान्तको स्थापना रससिद्धान्तको विकास भएको लामो अवधिपछि भएको हो । संस्कृत काव्यचिन्तनमा रससिद्धान्त कृतिको भावसौन्दर्य र मानसिक आह्लादका आधारमा भावकत्व व्यापारलाई खोज गर्ने केन्द्रीय सिद्धान्त हो भने अलङ्कार भावसौन्दर्यलाई स्थापित गर्ने कला र शिल्पपक्षलाई विश्लेषण गर्ने मुख्य सिद्धान्त हो । अलङ्कार सिद्धान्तको दार्शनिक आधार कलात्मक सौन्दर्यशास्त्रलाई प्रतिनिधित्व गर्ने सामवेद, पातञ्जल दर्शनको स्फोटसिद्धान्त र शिल्पविद्या दर्शनसम्बद्ध ज्ञानमीमांसामा आधारित छ (अधिकारी र अन्य, २०८०, पृ. ४७) । अलङ्कार साहित्यको रचनाप्रक्रियागत शैली र र त्यसमा अभिव्यञ्जित कलासौन्दर्यको विश्लेषण गर्ने सिद्धान्त हो । साहित्यिक रचनाको बाह्य आवरणलाई कलात्मक स्वरूप दिने मुख्य भूमिका शब्दालङ्कारको हो । काव्यमा शोभा अर्थात कलातत्त्वलाई प्रकाशित गर्ने धर्म अलङ्कार हो (दण्डी, सन् १९९२, पृ. ७४) । अलङ्कारले काव्य/कवितालाई सुन्दर र आकर्षक तुल्याई पठन, बोध र विश्लेषणका लागि मार्गप्रशस्त गर्दछ । अलङ्कारको अभिप्राय सुन्दर आवरण र अभिव्यक्तिगत चमत्कृति प्रदान गरी सिर्जनालाई विशेष कथनमा रूपान्तर गर्नु हो । अलङ्कारको अभिप्राय सजाउनु हो भने काव्यिक सौन्दर्यका लागि यो अत्यावश्यक तत्त्व हो (गौतम, २०६९, पृ. ११०) । अलङ्कारले कवितालाई कलात्मक आवरण प्रदान गर्दछ । भाषिक कलालाई आकार्षण र ग्राह्य तुल्याउनु अलङ्कारको मुख्य विशेषता हो । अलङ्कार काव्यिक भाषालाई इतिवृत्तात्मक वा निरस हुनबाट बचाई प्रीतिकर र सूरूचिपूर्ण तुल्याउने शैली हो (एरिस्टोटल, २०७७, पृ. २३४) । अलङ्कारले सिर्जना गर्ने सुललित पदावली र त्यसको आस्वादन पक्षका कारण कविता पठनीय र पाठकीय रोजाईमा पर्ने भएकाले यो कला सौन्दर्यका साथै भावसौन्दर्यप्रति आकर्षित गर्ने माध्यम पनि हो । संस्कृत र पाश्चात्य काव्यचिन्तनमा अलङ्कारका दुई श्रेणीका सम्बन्धमा सैद्धान्तिक मत स्थापित छ जसमा शब्दालङ्कार शब्दमा निहित सौन्दर्यको निरूपण गर्ने अलङ्कार हो ।

संस्कृत काव्यचिन्तनले काव्यको बाह्य सौन्दर्यका माध्यमबबाट रूपगत चमत्कृति सिर्जना गर्ने अलङ्कारलाई शब्दालङ्कारका रूपमा स्थापित गरेको छ । शब्दालङ्कार मूलभूत रूपमा सृजनाको बाह्य सौन्दर्य र संरचनासँग सम्बन्धित रहन्छ शब्दालङ्कार बाह्य संरचना वा रूपपक्षसँग सम्बन्धित विषय रहेको छ । शब्दालङ्कार समान वा समध्वन्यात्मक ध्वनि, वर्ण शब्द यमकादि आवृत्ति र श्लेषका माध्यमबाट काव्यसिर्जना गर्ने प्रक्रिया हो (भामह, सन् २०१०, पृ. ९) । शब्दालङ्कार समविषयम ध्वनि/वर्णबाट उत्पन्न हुने समध्वन्यात्मक नाद र त्यसले उत्पन्न गर्ने लयात्मकताका साथै आकर्षक श्रुतिद्योतक काव्यसौन्दर्यको खोजी गर्ने अलङ्कारको भेद हो । कविता सामान्य, प्रयोजनपरक र वाङ्मयको भाषाभन्दा पृथक् कलात्मक भाषिक संरचना रहेकाले यसमा आलङ्कारिक पदविन्यास सहितको भाषिक विधान अपेक्षित रहन्छ । सामान्य र व्यवहारिक भाषिक प्रयोजनभन्दा भिन्न विशिष्ट आलङ्कारिक अर्थ दिने पदयोजना काव्यका लागि

अनिवार्य मानिन्छ (एरिस्टोटल, २०७७, पृ. २२८) । शब्दालङ्कारले कविता रचनाका क्रममा भाषिक विकल्प मध्येबाट उत्तम र कलात्मक स्वरूपको चयन गरी त्यसलाई आकर्षक शैलीमा विन्यास गरी बाह्य सौन्दर्यका साथै आन्तरिक सुन्दरता निर्माणको आधार तयार गर्दछ । शब्दमा शब्दकै तहमा चमत्कार सिर्जना गरी काव्यिक सौन्दर्य निर्माण गर्ने शब्दालङ्कार हो (गौतम, २०६९, पृ. १११) । शब्दालङ्कारमा शब्दको उपस्थिति र त्यसले सिर्जना गर्ने काव्यिक सौन्दर्य तथा कविता र साहित्यमा कविताइतरका विधामा समेत यसको अध्ययन हुने गर्दछ । संस्कृत काव्यचिन्तनले शब्दालङ्कार शब्दका तहमा मात्र प्रतिपाद्य भई काव्यिक सौन्दर्यको बाह्य शोभाकारक तत्त्वका रूपमा अध्ययनीय रहने विषय प्रतिपादन गरेको छ ।

शब्दालङ्कार मूलतः कृतिको बाह्य शोभा वा सुन्दरता उत्पन्न गर्ने ध्वनि, वर्ण, अक्षर वा शब्द तथा तिनले सिर्जना गर्ने श्रुतिमधुरता र श्रुतिसुखको अध्ययन गर्ने अनुशासन हो । मूलभूत रूपमा शब्दमा आश्रित अलङ्कार शब्दालङ्कार हो (एटम, २०७४, पृ. ३७) । शब्द, शब्दमा अन्तर्निहित समध्वन्यात्मकता र त्यसले उत्पादन गर्ने निनादका कारण सृजित काव्यिक आकर्षण शब्दालङ्कारको अन्तर्वस्तु हो । कविता लयात्मक भाषिक कला रहेकाले यसमा शब्दचयन, विन्यास र त्यसले सिर्जना गर्ने सौन्दर्य शब्दालङ्कारको आधार हो । शब्दालङ्कारलेशब्द र यसको कलात्मक अभिव्यक्ति सिर्जना गर्नका लागि आवश्यक शोभाकारक धर्म निर्वाश गर्दछ । साहित्यको अपरिहार्य तत्त्व मानिने सङ्गीत वा लयलाई उत्पन्न गर्ने कलात्मक सौन्दर्य शब्दालङ्कार हो (गड्तौला, २०७७, पृ. ३४) । कवितामा भाषिक कलात्मकता र त्यसको आकर्षक विन्यास कुन रूपमा भएको छ ? भन्ने पक्षको विश्लेषण गरी काव्यिक सुन्दरताको निरूपण गर्ने शब्दालङ्कारको प्रस्तुतिका आधारमा कविता कसरी लयात्मकता, अन्तर्लयात्मक र साङ्गीतिक छ भन्ने पक्षको निरूपण हुन्छ ।

शब्दालङ्कारले कवितामा प्रयोग भएका ध्वनिदेखि शब्दसम्मका भाषिक एकाइ र तिनले सिर्जना गर्ने आलङ्कारिकताको विश्लेषण गर्दछ । समध्वनि वर्ण र असमानपदहरूको आवृत्तिद्वारा श्रुतिसौन्दर्य उत्पत्ति हुने अलङ्कार शब्दालङ्कार हो (उपाध्याय, २०६७, पृ. ११२) । शब्दालङ्कारमा कवितामा नियमित क्रममा पुनरावृत्ति भई सिर्जना हुने पद–पदावलीगत सुललितता, समान र असमान अर्थ दिने तर समध्वन्यात्मक उच्चार हुने शब्द र त्यसको विन्यासका आधारमा काव्यिक कलासौन्दर्यको निरूपण गरिन्छ । संस्कृत काव्यचिन्तनमा शब्दालङ्कारका भेद उपभेदको विषयमा पनि विमर्श भएको छ । कृतिमा आएका समान वर्णको समस्थानिक आवृत्तिका कारण उत्पन्न हुने लयात्मकता तथा साङ्गीतिकताको निर्माण गर्ने अनुप्रास तथा एकै वर्णको पुनरावृत्ति भई शाब्दी चमत्कार सिर्जना गर्ने यमक तथा द्विअर्थी शाब्दी गुणद्योतक श्लेष शब्दालङ्कारका मुख्य भेद हुन् (पन्त, २०७७, पृ. १८–१९) । शब्दालङ्कारअन्तर्गत समध्वन्यात्मक पुनरावृत्ति भई लय, सङ्गीत, अन्तर्सङ्गीत र श्रुतिमधुरता सिर्जना गर्ने अनुप्रास र यमक हुन् । शब्दको शब्दसँगको अन्तर्सम्बन्धका आधारमा द्विअर्थी अभिवृत्ति श्लेषको सार्विक विशेषता रहने अवधारणा निर्माण गर्ने संस्कृत काव्यचिन्तनको शब्दालङ्कारका सैद्धान्तिक पक्षका आधारमा 'जुरेलीको गान' कविताको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## विश्लेषण र नतिजा

प्रस्तुत 'जुरेलीको गान' २०१६ सालमा प्रकाशित छहरा कवितासङ्ग्रह (२०१६) मा सङ्गृहीत भई प्रथमपटक प्रकाशित भएको कविता हो । यो कविता दोस्रोपटक लक्ष्मी कवितासङ्ग्रहमा सङ्गृहीत भई पुर्नप्रकाशन भएको हो । वर्णमात्रिक स्रग्धरा छन्दमा संरचित प्रस्तुत कवितामा मानव प्रकृति अभेद्य सम्बन्ध रहने कथ्यसन्देशका अन्तर्यमा प्रस्तुत कविताले जुरेली चराको आवाजका माध्यमबाट मानव जीवनको वास्तविकताका साथै मान्छे प्राकृत हुननसकेको सन्दर्भलाई प्रस्तुत गरेको छ । समान एक्काईस वर्णको समान आवृत्ति हुने स्रग्धरा छन्दअन्तर्गत कविताको छैटौं पङ्क्तिपुञ्जको प्रथम पङ्क्ति सत्र वर्णको समान आवृत्ति हुने मन्दाक्रान्ता तथा बाँकी तीन पङ्क्ति स्रग्धरा छन्दकै नियमित लयव्यवस्थामा संरचित छ । समान व्यञ्जन वर्णको सार्थक र सम्यक् पुनरावृत्ति भएका पङ्क्तिको प्रयोग भएको प्रस्तुत कविता अनुप्रासीयताका कारण साङ्गीतिक बनेको छ । यस कवितामा अपुप्रास र यसका विभिन्न भेद प्रतिपाद्य भएको पक्षको विश्लेषण अलगअलग उपशीर्षकमा तलका सन्दर्भमा भएको छ ।

### जुरेलीको गान कवितामा अनुप्रास

अनुप्रास समान ध्वनि समूहको नियमित आवृत्तिबाट उत्पन्न हुने निनाद हो । कवितामा लयात्मकता सिर्जना गरी आकर्षक र सुन्दर अभिव्यक्तिमा रूपान्तर गर्न अनुप्रासको सशक्त भूमिका रहने गर्दछ । कविता सिर्जनाका क्रममा पङ्क्ति–पङ्क्तिमा विन्यास हुने शब्द र तिनमा उपस्थित ध्वनिको प्रयोग अनुप्रासीयता सिर्जना गर्ने आधार हो । कृतिमा अनुप्रास समान वर्णको विन्यास वा पुनरावृत्तिबाट काव्यसौन्दर्य अलङ्कृत वा आलङ्कारिक बनाइने कला हो (भामह, सन् २०१०, पृ. ९) । अनुप्रास सिर्जनाका लागि वर्णहरूको पुनरावृत्ति अनिवार्य सर्त हो । अनुप्रासका कारण कवितामा सुललित पदावलीको निर्माण भई श्रुतिमधुर काव्यको सिर्जना हुने भएकाले यो कृतिको बाह्य सुन्दरतालाई थप आकर्षक तुल्याउने साधन हो । वाक्यमा समान वर्णको आवृत्ति र पुनरावृत्ति उत्पन्न हुने शाब्दिक सौन्दर्य अनुप्रास हो भने यसमा समान वर्णको आवृत्ति सुसङ्गत रूपले सही ठाउँमा अपेक्षित रहन्छ (मम्मट, सन् १९८०, पृ. ३६२) । अनुप्रासमा समान ध्वनि, वर्ण वा शब्दको सार्थक र सम्यक् उपस्थिति हुनुपर्दछ । अनावश्यक आयोजन गरिएका वार्णिक पुनरावृत्तिले काव्यिक सौन्दर्यको विद्रुपीकरण गर्ने भएकाले यो नियमित र स्थानसापेक्ष सुन्दरता सिर्जना गर्ने प्रयोजनका आधारमा विन्यास गरिनुपर्दछ । कवितामा पहिले प्रयोग भएका शब्दमा आएका ध्यनिको समान पङ्क्ति वा अन्य पङ्क्तिमा समस्थानिक पुनरावृत्ति हुनु अनुप्रास हो (पन्त, २०७९, पृ. ५४) । कविताका शब्दशब्द, पदावली–पदावली र पङ्क्तिपङ्क्ति बीच श्रुतिमधुरता सिर्जना गर्ने अनुप्रास लेखनगत कलाका साथै सौन्दर्य निर्माण गर्ने बाह्य रूप भएकाले यसको सार्थक प्रयोग आह्लादकारी रचना निर्माण गर्ने आधार हो । अनुप्रासका आधारमा काव्यिक निनाद उत्पन्न हुनका लागि स्वर वर्णका तुलनामा व्यञ्जन वर्णको सार्थक पुनरावृत्ति हुनुपर्दछ । समान व्यञ्जन वर्ण रहे पनि

स्वर वर्णको भिन्नताका कारण उत्पन्न समध्वन्यात्मकता अनुप्रास हो (शर्मा, सन् १९९६, पृ. ९) । भामह (सन् २०१०) ले शब्दालङ्कारका प्रमुख भेदको उल्लेख गर्ने क्रममा अनुप्रासको परिचर्चासँगै यसका छेकानुप्रास, लाटानुप्रास र अन्त्यानुप्रासको चर्चा गरेका छन् (पृ. १०) । कवितामा प्रस्तुत हुने अन्तर्वस्तुगत गहनता र पठनप्रति आकर्षित गर्ने माध्यम अनुप्रास हो । अनुप्रास कवितामा अन्तर्साङ्गीतिक प्रवाह सिर्जना गरी चित्ताकर्षक तुल्याउने प्रेरक सामग्री हो । कवितामा सार्थक समान र समध्वन्यात्मक ध्वनि, वर्ण वा शब्दको पुनरावृत्ति भई साङ्गीतिकता सिर्जना गर्ने अनुप्रासका अद्यानुप्रास, मद्यानुप्रास, छेकानुप्रास, वृत्यानुप्रास, लाटानुप्रास, श्रुत्यानुप्रास र अन्त्यानुप्रासजस्ता उपभेद रहेको छन् । अनुप्रासका उपर्युक्त भेदको अभिलक्षणसहित 'जुरेलीको गान' कवितामा तिनले निर्वाह गरेको भूमिकाका विषयमा तलका सन्दर्भमा विवेचना भएको छ ।

### अद्यानुप्रास

संस्कृत काव्यचिन्तनले शब्दालङ्कार र यसको अनुप्रासका छेकानुप्रास, वृत्यानुप्रास, लाटानुप्रास, श्रुत्यनुप्रास र अन्त्यानुप्रासजस्ता उपभेद निर्धारण गरेको छ । अनुप्रासअन्तर्गत कविताका पङ्क्तिका आरम्भमा आउने व्यञ्जन ध्वनिको पुनरावृत्तिका सम्बन्धमा भामह र अप्पय दीक्षितले यसको आधारभूत पक्षलाई साङ्केतिक रूपमा प्रस्तुत गरेका छन् । अद्यानुप्रास कविताका प्रत्येक पङ्क्तिको आरम्भको शब्दमा पुनरावृत्ति हुने समान ध्वनिबाट निर्मित शब्दको पुनरावृत्ति हो । काव्य पङ्क्तिपङ्क्तिको सहविन्यास भई साकार रूप प्राप्त गर्ने कलात्मक कथन हो भने यसमा आएका पङ्क्तिको आरम्भमा समान ध्वनि भएका शब्दको पुनरावृत्ति हुनु अद्यानुप्रासीयता हो (भामह, सन् २०१०, पृ. १०) अद्यानुप्रासले कविताको आरम्भमा आएका समान ध्वनिको आवृत्तिबाट निर्माण भएको शब्द र यसले सिर्जना गर्ने सादृश्यका माध्यमबाट लय साङ्गीतिकता सिर्जना गर्दै कवितालाई श्रुतिमधुर तुल्याउन विशेष भूमिका खेल्दछ । कवितालाई पाठ्य र गेय तुल्याउने यस शब्दालङ्कारको भूमिका लयात्मकता सिर्जना गरी निनादपूर्ण अभिव्यक्ति निर्माण गर्ने आधार तयार गर्नु हो । अद्यानुप्रासलाई अनुप्रासको भेद मान्ने विषयमा संस्कृत काव्यचिन्तन मौन रहे पनि प्रकारान्तरले कविताका पङ्क्तिको आरम्भमा पुनरावृत्ति हुने ध्वनि र त्यसले उत्पन्न गर्ने आलङ्कारिकतालाई आधार मान्दा यसको उपस्थितिको औचित्य पुष्टि हुन्छ । प्रस्तुत 'जुरेलीको गान' कविता अद्यानुप्रासको स्वतस्फूर्त प्रयोग भई आलङ्कारिकता निर्माण भएको कविता हो । यस कविताका निम्नलिखित पङ्क्तिपुञ्जमा समान व्यञ्जन ध्वनिको पुनरावृत्ति भई अद्यानुप्रसीयता निर्माण यसरी भएको छ :

*यो कोपीको सुहानी जललव, रसको जिन्दगीबीच नानी !*
*यो तिर्खाको छ वाणी, प्रकृति–पुरूषको यो पुरानो कहानी !*
*यो हो दर्दी जवानी, प्रणय मुखरिँदो, गीतिकी आदि रानी !*
*यो चूली हो हिमानी शरण जगतको, भित्रको ढुक्ढुकानी !*

*देवकोटा, २०७६, पृ. ७९ ।*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिने अद्यानुप्रासको प्रयोग भएको छ । अद्यानुप्रास कविताका पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि हरेक पङ्क्तिको आरम्भमा हुने समान ध्वनिसमूहबाट निर्मित शब्दको प्रयोग र पुनरावृत्तिबाट निर्माण हुन्छ । प्रस्तुत 'जुरेलीको गान' कविताको उपर्युक्त श्लोकमा सबै पङ्क्तिको आरम्भमा समान ध्वनिसमूहबाट निर्मित 'यो' शब्दको आवृत्ति भई अद्यानुप्रासको सिर्जना भएको छ । प्रस्तुत कवितांशको सबै पाउको आरम्भमा आएको 'यो' शब्दको आवृत्तिले निनाद उत्पन्न भएको छ । यसले कविताको पठन, बोध र विश्लेषणका लागि मार्गप्रशस्त गरेको छ । यस कवितांशका सबै पाउका आरम्भमा समान 'यो' शब्दको पुनरावृत्तिमा समान व्यञ्जन ध्वनिसमूहका ध्वनिको सम्यक् आवृत्ति भएको छ । प्रस्तुत कवितांशमा आएको 'यो' शब्दमा /य/ व्यञ्जन ध्वनिको /ओ/ स्वर ध्वनिसँग संयोजन भएको छ । यसले कवितांशका सबै पाउमा समान व्यञ्जनको आवृत्ति समस्थानिक अवस्थामा  आरम्भमा भएकाले यसले गेयात्मकता, श्रुतिसुखद र लयात्मकता उत्पन्न गरेको छ । यसका साथै यस अद्यानुप्रासको प्रयोगले कवितामा आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकताको सिर्जना गरी काव्यिक सौन्दर्य निर्माण गरेको छ । यसप्रकार कविताका पाउको आरम्भस्थानमा भएको समान ध्वनिसमूहबाट निर्मित 'यो' शब्दको आवृत्ति भई उत्पन्न निनादपूर्ण आलङ्कारिकताले रचना प्रक्रियागत शैली र काव्यांशमा अभिव्यञ्जित कलासौन्दर्यको उद्घाटन भएको छ । उपर्युक्त अद्यानुप्रासले लयात्मकता भर्दै श्रुतिमधुरता र श्रुतिसुखदता उत्पन्न गरेको छ । यसका साथै यसले कवितालाई आस्वादनीय, पठनीय, कलासौन्दर्ययुक्त तुल्याएको छ ।  चारवटै पङ्क्तिमा प्रयुक्त 'यो' अद्यानुप्रास कवितामा कलात्मक स्वरूप स्थापित गर्दै शब्दालङ्कारको उपस्थिति 'जुरेलीको गान' कवितामा छ भन्ने तथ्यको पुष्टि छ । कविताका हरेक पाउको आरम्भमा आएका /य/ व्यञ्जन ध्वनिको /ओ/ स्वर ध्वनिसँग संयोजन भई उपस्थित भएका समान ध्वनिसमूहबाट निर्माण भएका शब्दको सम्यक् प्रयोगले 'जुरेलीको गान' अद्यानुप्रासको प्रयोग भएको कृति हो भन्ने आधार प्राप्त हुन्छ ।

### मद्यानुप्रास

मद्यानुप्रास कविताका पङ्क्तिको यति वा विश्राम हुने स्थानमा प्रयोग भएका व्यञ्जन ध्वनिको सार्थक पुनरावृत्तिबाट उत्पन्न हुने आलङ्कारिकता हो । अद्यानुप्रासकै सापेक्ष मद्यानुप्रासको सन्दर्भमा संस्कृत काव्यचिन्तन मौन छ । काव्यमा प्रयोग भएका पङ्क्तिको बीचमा अवस्थित समान, विश्राम, विराम वा आवृत्तिमा समान ध्वनिबाट निर्माण भएका शब्दको पुनरावृत्तिबाट मद्यानुप्रासको निर्माण हुन्छ (भामह, सन् २०१०, पृ. १०) । मद्यानुप्रासका शब्दालङ्कार प्रतिपाद्य हुनका लागि कविताका प्रत्येक पङ्क्तिमा समान ध्वनिबाट निर्माण भएका शब्दको पुनरावृत्ति आवश्यक हुने गर्दछ । कविताका पङ्क्तिपङ्क्तिमा पुनरावृत्ति भएका शब्दले सिर्जना गर्ने शाब्दी चमत्कृति मद्यानुप्रासको आधार हो । कविताका पङ्क्तिपङ्क्तिका बीचमा समान स्थानमा समान व्यञ्जन ध्वनिको पुनरावृत्ति भई आलङ्कारिकता सिर्जना हुनु मद्यानुप्रास हो (दीक्षित, २०२१, पृ. ६५) । मद्यानुप्रासले पङ्क्तिका बीचमा प्रयोग भएका शब्द र तिनले सिर्जना गर्ने साङ्गीतिकताका आधारमा आलङ्कारिक पक्षको खोजी गर्दछ । प्रस्तुत 'जुरेलीको गान' कवितामा

आएका निम्नलिखित सन्दर्भमा मद्यानुप्रासले आलङ्कारिकता सिर्जना गरेको छ :

*पानीको कल्कलाई जननिधितिरको यो दगुर्दो रूलाई !*
*यो हो बोली निशाको शशधरतिरको, शीतको पिल्पिलाई !*
*फिर् फिर् हो पुत्तलीको छवितिर, छविको पुत्तलीमा ढलाई !*
*माटाको भित्र बोल्दो बुलबुल मुटु हो, सम्झिँदो स्वप्नलाई !*
*देवकोटा, २०७६, पृ. ७८*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिने मद्यानुप्रासको प्रयोग भएको छ । मद्यानुप्रास कविताका पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि योजना गरिने यति वा विराममा अर्थात् विश्रामका स्थानमा आवृत्ति हुने समान ध्वनिसमूहबाट निर्मित शब्दको प्रयोग र पुनरावृत्तिबाट निर्माण हुन्छ । प्रस्तुत 'जुरेलीको गान' कविताको उपर्युक्त पङ्क्तिको विश्राममा समान ध्वनिसमूहबाट निर्मित शब्दको आवृत्ति भई मद्यानुप्रासको सिर्जना भएको छ । प्रस्तुत कवितांशको पहिलो पाउको दोस्रो विश्राममा 'तिरको' दोस्रो पाउको पनि दोस्रो विश्राममा विश्राममा 'तिरको' तेस्रो पाउको दोस्रो विश्राममा पनि 'तिर' शब्दको आवृत्ति भएको छ । यस कवितांशका अघिल्ला दुई पाउका विश्राममा समान 'तिरको' तथा तेस्रो पाउमा 'तिर' शब्दको पुनरावृत्तिमा समान–असमान व्यञ्जन ध्वनिसमूहका ध्वनिको सम्यक् आवृत्ति भएको छ । प्रस्तुत कवितांशमा आएको 'तिरको' शब्दमा /त/, /र/, /क/ व्यञ्जन तथा क्रमशः /इ/, /अ/, /ओ/ स्वर ध्वनि तथा तेस्रो पाउको 'तिर' शब्दमा /त/, /र/ व्यञ्जन एवम् /इ/ र /अ/ ध्वनिसमूहको प्रयोग भएको छ । कवितांशका अघिल्ला दुई पाउमा समान व्यञ्जनको आवृत्ति समस्थानिक विश्राम वा यतिमा भई श्रुतिसुखद् आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकताको सिर्जना भएको छ भने तेस्रो पाउमा आएको /तिर/ शब्दांशको अघिल्ला पाउको शब्दको आदिमा आएको /तिर/ सँग समानान्तर सादृश्यसम्बन्ध स्थापित भएको छ । यसप्रकार कविताका पहिलो, दोस्रो र तेस्रो पाउको दोस्रो विश्रामस्थानमा हुने समान ध्वनिसमूहबाट निर्मित शब्दको आवृत्ति भई उत्पन्न निनादपूर्ण आलङ्कारिकता सिर्जना गर्ने मद्यानुप्रास शब्दालङ्कारको उपस्थिति 'जुरेलीको गान' कवितामा छ भन्ने तथ्यको पुष्टि भएको छ । कविताका पाउको मध्यक्रममा आएका विश्राममा उपस्थित भएका उपर्युक्त समान ध्वनिसमूहबाट निर्माण भएका शब्दको सम्यक् प्रयोगले 'जुरेलीको गान' मद्यानुप्रासको प्रयोग भएको कविता हो भन्ने आधार प्राप्त हुन्छ ।। उपर्युक्त मद्यानुप्रासको प्रयोगले कविताका हरेक पङ्क्तिका बीचमा प्रयोग भएका शब्द र तिनले सिर्जना गर्ने साङ्गीतिकताका आधारमा आलङ्कारिक छन् भन्ने पक्षको पुष्टि गरेको छ । प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिने मद्यानुप्रासको प्रयोग भएको यस कवितामा छेकानुप्रास पनि आलङ्कारिकता सिर्जना गर्ने आधार बनेको छ।

### छेकानुप्रास

छेकानुप्रास अनुप्रासको एक भेदसम्बद्ध शब्दालङ्कार हो । छेकानुप्रास पङ्क्तिगत दृष्टिले समान स्थानमा एकपटक वा अनेकपटक पुनरावृत्ति भई शाब्दी सौन्दर्य निर्माण गर्ने अनुप्रास हो । अनेक अर्थ दिने व्यञ्जन वर्णको शब्दका तहमा एकपटक मात्र पुनरावृत्ति भई सादृश्य धर्म स्थापित गर्दछ भने त्यहाँ छेकानुप्रास हुन्छ (मम्मट, सन् १९८०, पृ. ३६२) । शब्दको संरचना र त्यसले सिर्जना गर्ने कलात्मकतासँग सम्बन्धित छेकानुप्रास पङ्क्ति र अनुच्छेद संरचनामा समस्थानिक पुनरावृत्तिबाट सिर्जना हुने अनुप्रास हो । छेकानुप्रासले समान ध्वनिको पुनरावृत्ति समान स्थान अर्थात् गति, यति र विश्रामका स्थानमा भई त्यसबाट निर्माण हुने साङ्गीतिकतालाई सशक्त तुल्याउन भूमिका खेल्दछ । छेकानुप्रास समान ध्वनिको सम्यक् पुनरावृत्तिबाट निर्माण हुने लयात्मकता पनि हो । एकभन्दा बढी व्यञ्जनको एक वा सोभन्दा बढी हुने सम्यक् पुनरावृत्ति र त्यसबाट सृजित शाब्दी चमत्कृति छेकानुप्रास हो (पन्त, २०७९, पृ. ५४) । छेकानुप्रास शब्दालङ्कार हुनका लागि कवितामा समान स्थानमा समान ध्वनिको पसनरावृत्ति अनिवार्य मानिन्छ । छेकानुप्रास तीव्र साङ्गीतिकता निर्माणका लागि मुक्त लयका कविताका तुलनामा लयबद्ध रचनामा प्रभावकारी मानिन्छ । लयको निश्चित क्रम निर्माण गर्न विशेष भूमिका खेल्ने छेकानुप्रास हुनका लागि पङ्क्तिगत परिवेशमा समान स्थानमा घटित हुनेगर्दछ । व्यञ्जन वर्णसमूहको एकपटक अनेक प्रकारले आवृत्ति हुनु छेकानुप्रास हो (शर्मा, सन् १९९६, पृ. ७२) । छेकानुप्रासको सार्थकता व्यञ्जन ध्वनिको समस्थानिक पुनरावृत्तिबाट हुने भएकाले कविताका पङ्क्ति र अनुच्छेदका समान अवस्थामा यसको उपस्थिति कसरी र कुन रूपमा भएको छ ? भन्ने विषयका आधारमा यसको खोजी र विश्लेषण गरिन्छ। प्रस्तुत 'जुरेलीको गान' छेकानुप्रासको प्रयोग भएको कविता हो । प्रस्तुत कविताको निम्नलिखित पङ्क्तिपुञ्जमा छेकानुप्रासको सशक्त प्रस्तुति भएको छ :

*रून्छन् रानी जवानी सब युग थलका, धोई एकान्तलाई !*
*माटो फोरेर आत्मा मुखरित छ, जिती पुष्पको बासलाई !*
*यो हो माधुर्य के हो ? –पिउपिउ रसको, मृत्युमा अमृताइ !*
*बोल् ! बोल् ! मीठी जुरेली ! म पनि सँग बगेँ अर्थ पारी, रमाई !*
*देवकोटा, २०७६, पृ. ७८*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिन छेकानुप्रासको प्रयोग भएको छ । छेकानुप्रास कविताका हरेक पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि अनेक व्यञ्जन वर्णको उही क्रममा एकचोटि मात्र आवृत्ति हुँदा निर्माण हुन्छ । प्रस्तुत 'जुरेलीको गान' कवितामा उपर्युक्त काव्याशंको पहिलो पङ्क्तिमा 'रानी' र 'जवानी' शब्दमा /न/ व्यञ्जन ध्वनिको /इ/ ध्वनिमा मेल भई निर्माण भएको /नि/ ध्वनिसमूहको एकपटक मात्र आवृत्ति भई छेकानुप्रासको सिर्जना भएको छ । प्रस्तुत कवितांशको दोस्रो पाउमा 'फोरेर' र 'मुखरित' शब्दमा पनि 'र' ध्वनिको पुनरावृत्तिले अन्तरसाङगीकता निर्माण गरेको छ । तेस्रो पाउको आएको 'पिउपिउ' /प/, /इ/, /उ/ ध्वनिको एकपटक मात्र पुनरावृत्ति हुँदा तीव्र साङ्गीतिकता निर्माण भएको छ । चौथो पाउमा आएको 'बोल् बोल्' र 'पारी' र 'रमाई' शब्दमा /ब/, /ल/ र /र/ ध्वनिको आवृत्ति भएको छ । यस कवितांशका हरेक पाउमा भएको समान–असमान व्यञ्जन ध्वनिसमूहका ध्वनिको एकपटकको आवृत्तिले काव्याशंमा निनाद उत्पन्न गरी कलात्मक सौन्दर्य बढेको छ । शब्दका तहमा उत्पन्न यस काव्यसौन्दर्यले श्रुतिमधुरता र

श्रुतिसौन्दर्यता बढाएको छ । प्रस्तुत कवितांशमा आएका रचना प्रक्रियागत शैली र कला सौन्दर्यले यस कवितालाई आस्वादनीय र पठनीय बनाएका छन् । कवितांशका सबै पाउमा भएको व्यञ्जनको एकपटकको आवृत्तिले श्रुतिसुखद् आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकताको सिर्जना भएको छ । यसप्रकार कविताका प्रत्येक पाउमा भएको व्यञ्जन ध्वनिसमूहको एकपटकको पुनरावृत्तिले उत्पन्न निनादपूर्ण आलङ्कारिकाता सिर्जना गर्ने छेकानुप्रास शब्दालङ्कारको उपस्थिति 'जुरेलीको गान' कवितामा छ भन्ने तथ्यको पुष्टि हुन्छ । कविताका पाउको मध्यक्रममा उपस्थित भएका व्यञ्जन ध्वनिसमूहको एकपटकको पुनरावृत्तिबाट निर्माण भएका शब्दको सम्यक् प्रयोगले लय र श्रुतिमधुरता थपिएको छ । काव्याशंमा प्रयुक्त यिनै छेकानुप्रासका आधारमा यो कविता शब्दालङ्कारलयुक्त कविता हो भन्ने आधार प्राप्त हुन्छ।

### वृत्यनुप्रास

लयात्मकता सिर्जना गरी श्रुतिमधुर पाठ्य र श्रव्य कृति रचना निर्माण गर्ने शब्दालङ्कार वृत्यानुप्रास हो। वृत्यानुप्रास अनुप्रासको एक भेद हो भने यसले कवितामा आएका शब्द, पदावली र वाक्यका तहमा पुनरावृत्ति भई साङ्गीतिकता सिर्जना गर्ने व्यञ्जन ध्वनिको पुनरावृत्तिबाट उत्पन्न हुने लयलाई हेर्दछ । एक शब्दमा वा वाक्यमा आएका शब्दहरूमा एकै व्यञ्जन वर्णको पटकपटक पुनरावृत्ति हुने अभिलक्षण वृत्यानुप्रास हो। (मम्मट, सन् १९८०, पृ. ३६३)। कविता सिर्जनाका क्रममा शब्द, पदावली र वाक्यका तहमा एकै व्यञ्जनको एकपटकको पुनरावृत्तिबाट साङ्गीतिकताको सिर्जना हुनु वृत्यानुप्रासीयता हो । कविता साङ्गीतिक विधा हो । कविताको रचनाप्रक्रियामा अवलम्बन गरिने मुक्त वा बद्ध दुवै लयमा साङ्तीतिक प्रवाह सघन हुनुपर्दछ । वृत्यानुप्रासमा एकै शब्द वा पङ्क्तिमा समान व्यञ्जन ध्वनिको सोद्देश्य पटकपटक पुनरावृत्ति हुन्छ (पन्त, २०७९, पृ. ५५) । बद्धलयमा संरचित कवितामा भाषिक ध्वनिको सार्थक पुनरावृत्तिबाट बाह्य साङ्गीतिक सौन्दर्यको निर्माण हुन्छ भने मुक्तलयका कवितामा ध्वनि, वर्ण वा शब्दको सार्थक पुनरावृत्तिले आन्तरिक सङ्गीत सिर्जना गर्दछ। आन्तरिक सङ्गीतका कारण सृजित शाब्दी लय वृत्यानुप्रासको अभिलक्षण हो । अनेक वर्णको एकपटक वा अनेक वर्णका स्वरूप अनेकपटक आवृत्ति भई सिर्जना हुने शाब्दीचमत्कार वृत्यानुप्रास हो (शर्मा, सन् १९९६, पृ. १८१)। वृत्यानुप्रासमा कविता रचनाका क्रममा शब्दनिर्माण गर्ने समान व्यञ्जन ध्वनिको एक वा अनेकपटकको आवृत्तिलाई आधार मानी त्यसले सिर्जना गर्ने बाह्यान्तरिक लय र साङ्गीतिक पक्षको विश्लेषण गरिन्छ । प्रस्तुत 'जुरेलीको गान' कविता नियमित अर्थात् बद्धलयमा संरचित कविता हो । यस कवितामा समान ध्वनिको समस्थानमा एकपटक र अनेकपटक पुनरावृत्ति भई वृत्यानुप्रास निम्नलिखित पङ्क्तिपुञ्जमा प्रतिपाद्य छ :

*कोपी खोल्ने क्रिया हो जलकण भरिने कुँद्रु यौटा कटौरा,*
*जो फुल्छन् फूल रून्छन्, दिलभर जलका विन्दु झल्केर बौरा !*
*पन्छी यो व्यक्त गर्दो कुसुम–हृदयको वेदनाको जवाफ,*
*दोटै आवाज फाली, दुख सुख सुकला विश्वको चाल्छ साफ !*
*देवकोटा, २०७६, पृ. ७८*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिन वृत्यानुप्रासको प्रयोग भएको छ । वृत्यानुप्रास कविताका पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि कवितामा आएका शब्द, पदावली र वाक्यका तहमा पुनरावृत्ति भई साङ्गीतिकता सिर्जना गर्ने व्यञ्जन ध्वनिको पुनरावृत्तिबाट उत्पन्न हुन्छ । यसले बद्ध कविताका पङ्क्ति वा पाउमा आएका शब्दहरूमा एकै व्यञ्जन वर्णको पटकपटक पुनरावृत्ति हुने अभिलक्षणबाट उत्पन्न बाह्यान्तरिक लय र साङ्गीतिक पक्षको विश्लेषण गर्दछ । प्रस्तुत 'जुरेलीको गान' कविताको उपर्युक्त पङ्क्तिमा व्यञ्जन वर्णका समान ध्वनिको पटकपटकको आवृत्तिबाट वृत्यानुप्रासको सिर्जना भएको छ । बद्ध लयमा संरचित प्रस्तुत कवितांशको पहिलो पाउमा 'कोपी', 'क्रिया', 'जलकण', 'कुद्र', 'कटौरा' शब्दमा आएको /क/ ध्वनिको पुनरावृत्तिले कवितामा निनाद उत्पन्न गरी बाह्यान्तरिक लय र साङ्गीतिकता अभिव्यञ्जित भएको छ। त्यसैगरी दोस्रो पाउमा 'फुल्छन्' र 'रून्छन्,' शब्दमा /छन्/ ध्वनिसमूहको पुनरावृत्ति र यही पाउमा आएका 'फुल्छन्' 'फूल' शब्दमा आएको /फ/ ध्वनिका साथै 'रून्छन्', 'दिलभर', 'झल्केर', 'बौरा' शब्दमा भएको /र / ध्वनिको पटकपटकको पुनरावृत्तिबाट लयात्मक साङ्गीतिकता सिर्जना भएको छ। तेस्रो पाउमा आएका 'यो', 'व्यक्त' र 'हृदय' शब्दमा आएको /य/ ध्वनिको पुनरावृत्तिका साथै 'वेदना' र 'जवाफ' शब्दमा भएको/व/ध्वनिको पुनरावृत्तिले कलात्मक स्वरूप प्रदान गर्दै कवितालाई सुन्दर र आकर्षक तुल्याएका छन्।

प्रस्तुत कविताको चौथो पङ्क्तिमा आएका 'आवाज','जवाफ' र 'फाली' 'साफ' शब्दमा /व/ र /फ/ ध्वनिको पुनरावृत्तिले निनादका साथै काव्यिक सौन्दर्य थपेको छ । यस कवितांशका सबै पाउमा भएको शब्दको पुनरावृत्तिमा समान–असमान व्यञ्जन ध्वनिसमूहका ध्वनिको सम्यक् आवृत्ति भएको छ । कवितांशका सबै पाउमा भएको समान व्यञ्जनको आवृत्ति समस्थानिक विश्राममा भई श्रुतिसुखद् आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकताको सिर्जना भएको छ । यसप्रकार कविताका पाउमा व्यञ्जन ध्वनि र ध्वनिसमूहको पटकपटकको आवृत्तिबाट निनादपूर्ण आलङ्कारिकता सिर्जना गर्ने वृत्यानुप्रास शब्दालङ्कारको उपस्थिति 'जुरेलीको गान' कवितामा छ भन्ने तथ्यको पुष्टि भएको छ । वृत्यानुप्रासको प्रयोगले आलङ्कारिक बनेको प्रस्तुत कवितामा लाटानुप्रासले थप आलङ्कारिकता सिर्जना गरेको छ।

### लाटानुप्रास

समान र समध्वन्यात्मक उच्चार भएका ध्वनिको संयोजनबाट निर्माण भएका शब्दको सम्यक् प्रयोगबाट उत्पन्न हुने शाब्दी अलङ्कार लाटानुप्रास हो। संस्कृत काव्यचिन्तनमा शब्दालङ्कारको भेदका रूपमा लाटानुप्रासको प्रथम अभिलक्षण भामहको काव्यालङ्कार सूत्रवृत्तिमा उल्लेख भएको छ । लाटानुप्रास कवितामा व्यञ्जन ध्वनि/वर्णको पुनरावृत्ति भई सिद्ध हुने शाब्दी चमत्कारसँग सम्बन्धित शब्दालङ्कार हो । समध्वन्यात्मक अक्षर वा वर्णको आवृत्ति भएका शब्द वा अक्षरको अन्वय भई तिनले सिर्जना गर्ने शाब्दी सौन्दर्य लाटानुप्रास हो (भामह, सन् २०१०, पृ. ९)। लाटानुप्रासले समान ध्वनिबाट निर्माण भएका शब्द

र तिनको पुनरावृत्तिका आधारमा सृजित आलङ्कारिकतालाई सैद्धान्तीकरण गर्दछ । कविता भाषिक एकाइ हो भने यो ध्वनि, वर्ण, अक्षर, शब्द, पदावली, वाक्य, अनुच्छेद, परिच्छेद र पाठको क्रमिक विन्यासबाट निर्माण हुन्छ ।

कवितामा पङ्क्तिपङ्क्ति र त्यसलाई निर्माण गर्ने आधारभूत एकाइका रूपमा ध्वनि/वर्ण, शब्द र पदावलीमा आएका ध्वनि र त्यसको समध्वान्यात्मक पुनरावृत्तिका साथै त्यसले सिर्जना गर्ने अर्थसमेतको संयोजनबाट लाटानुप्रास शब्दालङ्कारको निर्माण हुन्छ । वाक्यमा प्रयुक्त शब्दमा रहेका व्यञ्जन वर्ण शब्द र अर्थको तात्पर्य पुनरावृत्तिसँगै शब्द र अर्थबीच अन्वय गराउने पर्यायवाची शब्द र तिनमा अवशिष्ट व्यञ्जन वर्णको आवृत्ति लाटानुप्रास हो (मम्मट, सन् १९८०, पृ. ३६२) । लाटानुप्रासमा ध्वनि र शब्दगत पुनरावृत्तिभित्र त्यसले सिर्जना गर्ने अर्थ तथा शब्द र अर्थबीचको पारस्परिक सम्बन्धको खोजी गरिन्छ । लाटानुप्रासमा शब्द र अर्थबीचको सम्बन्ध आर्थी चमत्कृतिका आधारमा विविधार्थ वा अन्यार्थको प्रतीति नभई एकको अर्थलाई सामान्य रूपमा दोस्रो शब्दले पूर्ति गर्ने विशेषता विद्यमान रहन्छ । तात्पर्य मात्रका आधारमा शब्द र अर्थको आवृत्ति लाटानुप्रास हो (शर्मा, सन् १९९६, पृ. १५८) । समान ध्वनि भए पनि तिनले निर्धारण गर्ने अर्थ र अर्थलाई निश्चित गर्ने शब्दबीचको सहभावबाट लाटानुप्रास शब्दालङ्कारले सार्थक रूप लिन्छ । प्रस्तुत 'जुरेलीको गान' कविताका निम्नलिखित पङ्क्तिगुच्छमा लाटानुप्रास शब्दालङ्कारको प्रयोग भई शब्दालङ्कार प्रतिपाद्य भएको छ :

*पी पी हो शब्द पैलो, अमुखर दिलको जन्मिँदा प्यास पानी !*
*भाषा या प्यारको हा ! विधु गगनशिखा, भूचरी कल्पिँदा नि !*
*तान्छिन् शोभा निचोरी दिलउपरतिरै– बोल्नलागि जुरेली,*
*पृथ्वीको जन्मदेखिन् अझतक जति छन् बोल्दछे क्या पिरोली !*

*देवकोटा, २०७६, पृ. ७९*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिने लाटानुप्रासको प्रयोग भएको छ । लाटानुप्रास कविताका पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि पङ्क्तिमा प्रयुक्त शब्दमा रहेका व्यञ्जन वर्ण, शब्द र अर्थको तात्पर्य पुनरावृत्तिसँगै शब्द र अर्थबीच अन्वय गराउने पर्यायवाची शब्द र तिनमा अवशिष्ट व्यञ्जन वर्णको आवृत्तिमा आउँछ । प्रस्तुत 'जुरेलीको गान' कविताको यस पङ्क्तिगुच्छमा तात्पर्य मात्रका लागि पुनरावृत्ति भएका ध्वनि र तिनले निर्माण गरेको शब्दको पुनरावृत्तिले लाटानुप्रास शब्दालङ्कार सर्जिना गरेको छ । प्रस्तुत कवितांशको पहिलो पाउमा आएको 'पी' 'पी' शब्दमा आएको समान स्वर–व्यञ्जनगत पुनरावृत्ति समाख्याता प्रदत्त कविनिवद्ध वक्ता जुरेली चरीको आवाजलाई प्रतिबिम्बन गर्ने तात्पर्यमा प्रस्तुत भई लाटानुप्रासीयता सिर्जना गरेको छ । प्रथम पङ्क्तिको 'शब्द' र 'अमुखर' पदको तात्पर्य प्रत्यक्ष आवाज र वाणीविहीन सङ्केतको अभिप्राय रहे पनि यिनमा अवशिष्ट विपरीतार्थीधर्मिता र त्यसको तात्पर्य बोध गराउने विशेषता लाटानुप्रासलाई पुष्टि गर्ने आधार हुन् । यसै गरी पूर्वापर 'शब्द' र 'भाषा' मा सन्निहित तात्पर्यात्मकता, यिनै शब्दसँग 'दिलउपर' शब्दसँगको सानिध्य र सादृश्यधर्मितामा प्रस्तुत विषय र भावद्योतन शब्दका तहमा सृजित लाटानुप्रासीयता हुन् । प्रस्तुत कवितांशमा समानान्तर सम्बन्ध स्थापित गर्नका लागि वर्त्स्य र ताडित व्यञ्जन ध्वनिको अत्यन्त न्यून प्रयोग भई माधुर्य गुण अभिव्यक्त गर्ने कण्ठ्य, ओष्ठ्य र स्पर्शी व्यञ्जनको सार्थक र सम्यक पुनरावृत्ति भई निर्माण भएका शब्द र तिनको आवृत्तिले उत्पन्न कर्णप्रियता शब्दालङ्कार सिर्जना गर्ने माध्यम बनेका छन् । प्रस्तुत कवितांशमा आवृत्ति भएका समान व्यञ्जन वर्णबाट निर्माण भएका शब्दले लाटानुप्रास शब्दालङ्कारका माध्यमबाट कवितामा आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकता सिर्जना गरेको छ । लाटानुप्रासका दृष्टिले शब्दालङ्कार प्रतिपाद्य भएको प्रस्तुत कवितांशमा श्रुत्यनुप्रासले पनि आलङ्कारिकता सिर्जना गरेको छ ।

### श्रुत्यानुप्रास

श्रुत्यानुप्रास समान व्यञ्जन ध्वनिको पुनरावृत्तिभन्दा भिन्न उच्चारण स्थानबाट उच्चरित ध्वनिले उत्पन्न गर्ने आलङ्कारिकतासँग सम्बन्धित हुन्छ । संस्कृत काव्यचिन्तनमा अनुप्रासको प्रतिमानका स्थानमा श्रुत्यनुप्रासको चर्चा विश्वनाथले गरेका हुन् । श्रुत्यनुप्रासमा ध्वनिको उच्चारण स्थान पहिचान गरी त्यसका आधारमा यसको निरूपण हुन्छ । समान उच्चारण स्थानबाट उच्चरित ध्वनिबाट निर्माण भएका शब्दको पुनरावृत्तिबाट सिर्जना हुने आलङ्कारिकता श्रुत्यानुप्रास हो (भट्टराई, २०७७, पृ. २८८) । श्रुत्यनुप्रासले एकै उच्चारण स्थानबाट उच्चरित व्यञ्जन ध्वनिलाई कवितामा श्रुतिमधुरता र आलङ्कारिकता सिर्जना गर्ने आधारका रूपमा लिन्छ । कविताका पाउमा हुने विश्राम र यतिका स्थानमा नियमित क्रममा मिलेर आएका समान व्यञ्जन वर्णको आवृत्तिबाट उत्पन्न आलङ्कारिता श्रुत्यानुप्रास हो (पन्त, २०७९, पृ. ५५) । अनुप्रासका अन्य भेदले निरूपण गर्ने समान ध्वनि र तिनले उत्पन्न गर्ने सङ्गीतिकता भिन्न उच्चारणस्थानगत परिवेशलाई आधार मान्नु तथा शब्दविन्यासको क्रम यति र विश्रामलाई मान्नु यसको प्रमुख अभिलक्षण हो । श्रुत्यनुप्रास एकै उच्चारण स्थानबाट उच्चारण हुने व्यञ्जन वर्णको विन्यासबाट उत्पन्न श्रुतिसुखद् अवस्था हो (शर्मा, सन् १९९६, पृ. १९९) । श्रुत्यनुप्रास हुनका लागि कवितामा शब्दनिर्माणका क्रममा आएका शब्द र त्यसको प्रयोगको परिवेश मुख्य आधार हो । प्रस्तुत 'जुरेलीको गान' कविता समान परिवेश अर्थात् विश्राममा आएका एकै उच्चारणस्थानबाट उच्चरित व्यञ्जन ध्वनिको स्वतस्फूर्त कविता हो । यस कविताको निम्नलिखित अंशमा श्रुत्यनुप्रास शब्दालङ्कार प्रतिपाद्य छ :

*छायालाई अँगाली छवि छ जलदृशी सम्झना शून्यलाई !*
*केही काहीँ भएको, तर सँग नहुँदा क्यै पिरल्दो मलाई !*
*आ ! आ ! भन्दो झझल्को, अमिट कठिनता कल्पनाको छुआइ !*
*छाया गाडा बिझेको, कणकण चसकी, खालि रूँ रूँ जिलाई !*

*देवकोटा, २०७६, पृ. ७८*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिने श्रुत्यानुनुप्रासको प्रयोग भएको छ । श्रुत्यानुप्रास कविताका पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि समान उच्चारण स्थानबाट उच्चरित ध्वनिबाट निर्माण भएका शब्दको पुनरावृत्तिबाट सिर्जना हुने र शब्द परिवर्तन गर्न नमिल्ने अलङ्कार हो । श्रुत्यानुप्रास योजना गरिने

यति वा विराम अर्थात् विश्रामका स्थानमा आवृत्ति हुने समान ध्वनिसमूहबाट निर्मित शब्दको प्रयोग र पुनरावृत्तिबाट निर्माण हुन्छ । कविताका पाउमा हुने विश्राम र यतिका स्थानमा नियमित क्रममा मिलेर आएका समान व्यञ्जन वर्णको आवृत्तिबाट उत्पन्न आलङ्कारिता श्रुत्यानुप्रास हो । प्रस्तुत 'जुरेलीको गान' कविताको उपर्युक्त पङ्क्तिको विश्राममा समान ध्वनिसमूहबाट निर्मित शब्दको आवृत्ति भई श्रुत्यानुप्रासको सिर्जना भएको छ । प्रस्तुत कवितांशको पहिलो पाउमा आएको 'छाया', 'छवि' र 'छायालाई', 'जल', 'शून्यलाई' मा आएका /छ / र /ल/ ध्वनिले वर्त्स्य र तालव्यस्थानबाट उच्चरित भई निनाद उत्पन्न भई काव्यसौन्दर्य बढेको छ।

प्रस्तुत कविताको दोस्रो पाउमा आएका 'केही', 'काहीँ', 'भएको,' 'क्यै', आएका /क/ कण्ठ्य, तालव्य र वर्त्स्यस्थानबाट उच्चरित भई लयात्मक भाषिक कला उत्पन्न भएको छ । यसले कवितामा श्रुतिमधुरतार श्रुतिसुखदता थपेको छ । तेस्रो पाउको 'झझल्को', शब्दमा आएको अघिल्लो /झ/ ध्वनि वर्त्स्यस्थानिक व्यञ्जन ध्वनि हो भने पछिल्लो तालव्य व्यञ्जन ध्वनि हो । त्यसैगरी यही पाउमा आएका 'झझल्को', 'कठिनता' र 'कल्पना' मा प्रयुक्त /क/ कण्ठ्य, तालव्य र वर्त्स्यस्थानिक /क/ ध्वनिको आवृत्तिले कवितामा अभिव्यञ्जित कला सौन्दर्य भावसौन्दर्य बढाउँदै कवितालाई आस्वादनीय र पठनीय बनाएको छ । त्यसैगरी चौथो पाउमा आवृत्ति भएका 'बिझेको,' 'कणकण', 'चसकी' मा आएका /क/ ध्वनिको स्थानानुसारी भिन्न विशेषताका कारण कवितामा श्रुतिसौन्दर्य अभिवृद्धि भएको छ । यसरी कवितांशका सबै पाउमा समान व्यञ्जनको आवृत्ति भिन्नभिन्न विश्राममा भिन्नभिन्न विशेषतासहित भएकाले श्रुतिसुखद् आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकताको सिर्जना भएको छ । यसप्रकार कविताका सबै पाउको विश्रामस्थानमा भएको समान ध्वनिसमूहबाट निर्मित ध्वनिको आवृत्तिले निनादपूर्ण आलङ्कारिकता सिर्जना गरी श्रुत्यानुप्रास शब्दालङ्कारको उपस्थिति 'जुरेलीको गान' कवितामा छ भन्ने तथ्यको पुष्टि गरेको छ । श्रुत्यनुप्रासका दृष्टिले आलङ्कारिक, कर्णप्रिय र अन्तर्साङ्गीतिक बनेको प्रस्तुत कवितामा अन्त्यानुप्रास पनि शब्दालङ्कार निर्माणको आधार बनेको छ।

### अन्त्यानुप्रास

अन्त्यानुप्रास कविताका पङ्क्तिविधानअन्तर्गत अन्तिम पदमा समान स्वरव्यञ्जन ध्वनिको आवृत्तिबाट सिर्जना हुने शब्दालङ्कार हो । कविताको पङ्क्तिविन्यास र त्यसको अन्त्यमा पदगत सुललितता र साङ्गीतिकता सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । कविताका पङ्क्तिको अन्त्यमा समान ध्वनिको पुनरावृत्ति भई आलङ्कारिकता सिर्जना हुनु अन्त्यानुप्रास शब्दालङ्कार हो (भामह, सन् २०१०, पृ. १०) । पङ्क्तिको अन्त्यमा आई अन्तर्साङ्गीतिकता सिर्जना गर्नुका साथै कविताको बाह्य सौन्दर्यलाई आकर्षक र श्रुतिमधुर तुल्याउने भएकाले यो शब्दालङ्कार हो भने स्वरव्यञ्जन वर्णको नियमित आवृत्तिबाट निर्माण हुने विशेषताका कारण यो अनुप्रासको एक भेद हो । अनुप्रासले काव्यमा विन्यास भएका प्रत्येक पङ्क्तिको अन्त्यमा व्यञ्जन ध्वनिको पुनरावृत्ति भई आलङ्कारिकता सिर्जना गर्दछ (दीक्षित, २०२१, पृ. ६५) । अनुप्रास काव्यिक प्रस्तुतीकरणलाई कलात्मक आवरण प्रदान गर्ने माध्यम हो । अन्त्यानुप्रास मिलेका कविता पठन, वाचन र गायनका लागि सुरूचिपूर्ण र आकर्षक मानिन्छन्।

अन्त्यानुप्रास शब्दालङ्कार निर्माणका लागि समान स्वरव्यञ्जन ध्वनिबाट निर्माण भएका शब्दको आवृत्ति प्रथम सर्त हो भने तिनको स्थान र परिवेशगत आधार पनि पङ्क्तिको अन्त्य नै हो । कविता सिर्जनाका क्रममा आउने प्रत्येक पाउ (पङ्क्ति) को अन्त्यमा पूर्ण अक्षरको पुनरावृत्ति भई सिर्जना हुने आलङ्कारिकता वा अक्षरको विन्यास अन्त्यानुप्रास शब्दालङ्कार हो (भट्टराई, २०७७, पृ. २८८) । संस्कृत काव्यचिन्तनमा अनुप्रासबो विषय नाट्यशास्त्रमा उल्लेख भए पनि यसको लक्षण निर्धारण काव्यालङ्कार सूत्रवृत्तिमा भएको हो । अन्त्यानुप्रासको प्रयोगले कवितालाई सुन्दर आवरण तुल्याउनुका साथै गेयात्मक तुल्याउँछ । पङ्क्तिको अन्त्यमा हुने विश्राममा आउने समान अक्षरको पुनरावृत्तिबाट उत्पत्ति हुने निनादमय आलङ्कारिकता अन्त्यानुप्रास हो (उपाध्याय, २०६७, पृ. ११२) । संस्कृत काव्यचिन्तनको आरम्भकालीन अलङ्कार सिद्धान्त र विकासमा काव्य र नाटकजस्ता विधामा पद्यमयता र लयात्मक रचनाविधानको विशेषताका आधारमा अन्त्यानुप्रासलाई शब्दालङ्कारअन्तर्गत अनुप्रासको एक भेदका रूपमा अघिसारे पनि अलङ्कार सम्प्रदायमा सिर्जनात्मक कृति गद्यमा पनि लेखिने विषयको प्रतिष्ठापन भएपछि पनि यसको उपस्थिति कृतिको सार्विक सौन्दर्य निर्माणमा महत्त्वपूर्ण रहेको पक्षले निरन्तरता पाएको छ । प्रस्तुत 'जुरेलीको गान' कविता अन्त्यानुप्रासको स्वतस्फूर्त आयोजना भएको कविता हो । प्रस्तुत कविताका निम्नलिखित पङ्क्तिपुञ्जमा अन्त्यानुप्रास शब्दालङ्कार प्रतिपाद्य छ :

*सोला हो, स्वादु सोला, अतिशय दुःखको सौख्य हो यो पिरोला !*
*गोला, मीठो, अबोला, वहन दुध भए, प्राप्ति बैकुण्ठ होला !*
*यो चोलाको सुनौला जलप, रस यही, धाम गौरी र भोला !*
*पी पी बोल् रे जुरेली ! हृदय हृदयको बोल्छ संसार–गोला ।*

*देवकोटा, २०७६, पृ. ७९*

प्रस्तुत कवितांशमा अनुप्रास शब्दालङ्कारलाई सार्थक रूप दिने अन्यानुप्रासको प्रयोग भएको छ । अन्त्यानुप्रास कविताका पङ्क्ति अर्थात् पाउमा काव्यिक लय निर्माणका लागि योजना गरिने यति वा विराममा अर्थात् विश्रामका स्थानमा आवृत्ति हुने समान ध्वनिसमूहबाट निर्मित शब्दको प्रयोग र पुनरावृत्तिबाट निर्माण हुन्छ । प्रस्तुत 'जुरेलीको गान' कविताको उपर्युक्त काव्याशंको विश्राममा समान ध्वनिसमूहबाट निर्मित शब्दको आवृत्ति भई अन्यानुप्रासको सिर्जना भएको छ । प्रस्तुत कवितांशको पहिलो पाउको दोस्रो विश्राममा 'सोला' अन्तिम विश्राममा 'पिरौला' शब्दमा /ला/ ध्वनिको पुनरावृत्ति भएको छ । दोस्रो पाउको विश्राममा 'गोला', 'अबोला', 'होला' मा पनि /ला/ ध्वनिको अन्यानुप्रासका रूपमा पुनरावृत्ति भएको छ । त्यसैगरी तेस्रो पङ्क्तिमा पनि 'चोला', 'सुनौला', 'होला' तथा चौथो पाउको विश्राममा 'भोला' शब्दको आवृत्तिमा/ला/ध्वनिको अन्यानुप्रास भएको छ । यस कवितांशका सबै पाउका अन्त्यमा /ला/ ध्वनि विश्राममा आई शब्दको तहमा चमत्कार सिर्जना गरेको छ । यस काव्याशंमा अन्त्यानुप्रासका

रूपमा आएको /ला/ ध्वनिले शब्दको तहमा चमत्कार सिर्जना गर्दा काव्यिक सौन्दर्य उत्पन्न भएको छ । कवितांशका सबै पङ्क्तिमा समान व्यञ्जन ध्वनि /ला/ को आवृत्ति समस्थानिक विश्राम र अन्त्यानुप्रासमा भई श्रुतिसुखद् आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकताको सिर्जना भएको छ । यसप्रकार कविताका हरेक पाउको अन्तिम विश्रामस्थानमा भएको अन्त्यानुप्रासले हुने समान ध्वनिसमूहबाट निर्मित /ला/ ध्वनिको आवृत्ति भई उत्पन्न निनादपूर्ण आलङ्कारिकता सिर्जना गर्ने अन्त्यानुप्रास शब्दालङ्कारको उपस्थिति 'जुरेलीको गान' कवितामा छ भन्ने तथ्यको पुष्टि गरेको छ । कविताका पाउको अन्त्यानुप्रासको आएका विश्राममा आएको उपस्थित भएको /ला/ समान ध्वनिसमूहबाट निर्माण भएका शब्दको सम्यक् प्रयोगले 'जुरेलीको गान' अन्त्यानुप्रासको प्रयोग भएको कविता हो भन्ने आधार प्राप्त हुन्छ ।

## निष्कर्ष

प्रस्तुत 'जुरेलीको गान' कविता सर्वप्रथम छहरा कवितासङ्ग्रह (२०१६) मा सङ्गृहीत भई पुनः लक्ष्मी कवितासङ्ग्रहका समावेश भई पुनप्रर्काशित कविता हो । शास्त्रीय वर्णमात्रिक स्रग्धरा छन्दमा संरचित प्रस्तुत कविता चार पाउको एक पङ्क्तिपुञ्ज अर्थात् श्लोक हुने प्रस्तुत नियमित एवम् बद्ध लयमा रचना भएको छ । प्रस्तुत कवितामा शब्दालङ्कारका सबै भेद–उपभेदको सन्तुलित र सम्यक् प्रयोग भएको छ । शब्दालङ्कारको उपभेद अनुप्रासको सार्थक प्रयोगबाट आलङ्कारिकताका साथै अन्तर्साङ्गीतिकता सर्जिना भएको यस कवितामा अद्यानुप्रास, मद्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास, लाटानुप्रास, श्रुत्यनुप्रास र अन्त्यानुप्रासको यथोचित् प्रयोग भएको छ । समान, समध्वन्यात्मक र समान उच्चारण स्थानबाट उच्चरित व्यञ्जन वर्णको सार्थक र सम्यक् प्रस्तुतिबाट सिर्जना हुने कर्णप्रियता, श्रुतिसुखद् निनाद, लयात्मकता, साङ्गीतिकता र अन्तर्सङ्गीत अनुप्रास हो । प्रस्तुत जुरेली गान' कविताका १८ श्लोकमध्ये पन्ध्रौं श्लोकका चारै पङ्क्तिको आद्य अर्थात् आरम्भमा 'यो' शब्दको आवृत्ति भई अद्यानुप्रासीयता सिर्जना भएको छ । संस्कृत काव्यचिन्तनले शब्दालङ्कारका रूपमा अद्यानुप्रासलाई स्वीकार नगरे पनि अनुप्रासका अन्य भेदको विशेषताका आधारमा यसको पनि उपस्तिथि रहने अवधारणा जीवित नै रहन्छ । यस अवधारणाका आधारमा पङ्क्तिगुच्छको आरम्भमा पुनरावृत्ति भएका समान ध्वनि समूहबाट निर्मित शब्दको आवृत्तिबाट उत्पन्न निनाद र श्रुतिसुखद अवस्थाका आधारमा यस कवितामा अद्यानुप्रासको सार्थक र सम्यक उपस्थिति रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

प्रस्तुत कवितामा अद्यानुप्रासका साथै संस्कृत काव्यचिन्तनमा उल्लेख भएको भन्दा बाहिरको मद्यानुप्रासले पनि आलङ्कारिकता सिर्जना गरेको छ । बद्धलयमा संरचित कविताका पाउमा हुने विश्राम र यतिमा समान ध्वनिबाट निर्मित शब्दको आवृत्ति हुनु मद्यानुप्रासको अभिलक्षण हो । प्रस्तुत 'जुरेलीको गान' कविताको चौथो श्लोकमा मद्यानुप्रासको सार्थक प्रस्तुति भएको छ । समान व्यञ्जन ध्वनिबाट निर्माण भएका सार्थक शब्दको एकपटकमात्र पुनरावृत्ति भई सिर्जना हुने अन्तर्साङ्गीतिकता सिर्जना गर्ने छेकानुप्रास पनि प्रस्तुत कवितालाई आलङ्कारिक तुल्याउने माध्यम बनेको छ । प्रस्तुत कविताको आठौं श्लोकमा वृत्यनुप्रासको सार्थक र सम्यक प्रयोग भई आलङ्कारिकता सिर्जना भएको छ । प्रस्तुत 'जुरेलीको गान' कविताको दशौं पङ्क्तिपुञ्जमा लाटानुप्रास शब्दालङ्कारको प्रयोगले कृतिलाई आलङ्कारिक तुल्याएको छ । पाँचौं श्लोकमा प्रयुक्त श्रुत्यनुप्रास यस कवितालाई आलङ्कारिक तुल्याउन थप माध्यम हो । समान उच्चारण स्थानबाट उच्चरित वर्णको निनादपूर्ण साङ्गीतिकता सिर्जना भएको यस श्लोकको आलङ्कारिकता कविताका अन्य पङ्क्तिगुच्छ र पाउमा पनि वितरित भई अनुप्रासीयतालाई सशक्त तुल्याएका छन् ।

प्रस्तुत कविताको चौधौं पङ्क्तिगुच्छमा अन्त्यानुप्रासको सार्थक प्रयोगबाट काव्यिक अन्तर्साङ्गीतिकता सिर्जना हुनका लागि शब्दालङ्कारको विशेष भूमिका रहेको छ । यस पङ्क्तिगुच्छको अन्त्यमा आवृत्ति भएका समान व्यञ्जन ध्वनिबाट निर्माण भएका शब्दले श्रुतिमाधुर्यताका साथै कविताको लयात्मकतालाई सुन्दर पठनीय तुल्याउन विशेष भूमिका खेलेका छन् । यस कवितामा प्रत्येक दुईपङ्क्तिको अन्त्यमा समान व्यञ्जन र स्वरध्वनिको आवृत्तिबाट उत्पन्न अन्तर्साङ्गीतिक निनाद अधिकतर श्लोकमा प्रस्तुत भई काव्यिक विषयलाई श्रवणीय, पठनीय, आह्लादित र मनोहर तुल्याउन सहायक सिद्ध भएका छन् । शब्दालङ्कारका दृष्टिले सन्तुलित र प्रयोगसम्मत व्यञ्जन–स्वर ध्वनिको आवृत्ति भएको प्रस्तुत कविता सफल र सार्थक छ भने अनुप्रासको स्वतस्फूर्त प्रयोग तथा सहजतापूर्वक काव्यिक विषयलाई आस्वादन गर्नसकिने श्रुतिसुखद र कर्णप्रियता स्थापित गर्न समर्थ्य छन् । सारतः प्रस्तुत कवितामा प्रयोग भएको अनुप्रास शब्दालङ्कारले कवितालाई गेयात्मक, श्रुतिसुखद, अन्तर्साङ्गीतिक, निनादपूर्ण र कलासौन्दर्यशाली तुल्याउन यथोचित् भूमिका खेलेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


१. अधिकारी, अनिल र केशवप्रसाद अधिकारी (२०८०). "भिखारी कवितासङ्ग्रहमा अलङ्कारविधान", सहयात्रा ५(१), पृ. ४५–५८ ।

२. उपाध्याय, केशवप्रसाद (२०६७). पूर्वीय साहित्य–सिद्धान्त. (दोस्रो संस्क.), साझा प्रकाशन ।

३. एटम, नेत्र (२०७४). सङ्क्षिप्त नेपाली साहित्यिक शब्दकोश, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

४. गड्तौला, नारायणप्रसाद. (२०७७). पूर्वीय काव्यसिद्धान्तको प्रायोगिक पद्धति. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

५. गौतम, लक्ष्मणप्रसाद (२०६९). कविताको सैद्धान्तिक विमर्श, पाठ्य सामग्री पसल ।

६. चामलिङ, गुमानसिंह. (अनु.). (२०७७). एरिस्टोटल र उनको काव्यशास्त्र पेरि पोइतिकेस. (दोस्रो संस्क.). नेपाल प्रज्ञा–प्रतिष्ठान।

७. दण्डी (सन् १९९२). काव्यदर्श. (व्याख्याकार) पारसनाथ द्विवेदी, चौखम्बा विद्याभवन ।

८. दीक्षित, अप्पय (२०२१). कुबलयानन्द (दोस्रो संस्क.) चौखम्बा प्रकाशन।

९. देवकोटा लक्ष्मीप्रसाद, लक्ष्मी कवितासङ्ग्रह, (सातौं. संस्क.), साझा प्रकाशन २०७६।

१०. पन्त, भरतराज. (२०७७).नेपाली अलङ्कार परिचय. (दोस्रो संस्क.). नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

११. भट्टराई, गोविन्दप्रसाद. (२०७७). पूर्वीय काव्यसिद्धान्त. (दोस्रो संस्क.). नेपाल प्रज्ञा–प्रतिष्ठान।

१२. भामह. (सन् २०१०). काव्यालङ्कार, राष्ट्रिय संस्कृत संस्थान।

१३. मम्मट (सन् १९८०). काव्यप्रकाश, मोतीलाल बनारसीदास पब्लिसर्स।

१४. शर्मा, रमणकुमार (सन् १९९६). साहित्यदर्पणकोश, विद्यानिधि प्रकाशन।